जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८९ | २०८३ साल जेठ २२ गते शुक्रवार | Friday-05-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

# जितपुर-सिमरा उपमहानगरपालिकामा इन्धन खर्चमा मनपरी ? महालेखाले देखायो अभिलेखविहीन लाखौंको कारोबार

***शु.आ. सम्बाददाता***
***बारा, २१ जेठ***




जितपुर-सिमरा उपमहानगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा इन्धन खर्च शीर्षकमा करोडौं रुपैयाँ खर्च गरे पनि त्यसको यथार्थ विवरण र अभिलेख व्यवस्थित नराखेको तथ्य सार्वजनिक भएको छ । महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको वार्षिक प्रतिवेदनले उपमहानगरपालिकाको इन्धन खर्च व्यवस्थापनमा गम्भीर कमजोरी, पारदर्शिताको अभाव तथा वित्तीय अनुशासन उल्लंघन भएको औंल्याएको हो ।

प्रतिवेदन अनुसार उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा पदाधिकारी, कार्यालय प्रयोजन तथा विभिन्न भारी उपकरण सञ्चालनका नाममा रु. १ करोड ९२ लाख ९५ हजार ८ सय ३ रुपैयाँ बराबरको इन्धन खर्च गरेको छ। तर यति ठूलो रकम खर्च हुँदा पनि कुन सवारी साधनमा कति इन्धन प्रयोग भयो, कसलाई कति वितरण गरियो र वास्तविक खपत कति भयो भन्ने स्पष्ट अभिलेख कार्यालयसँग नरहेको महालेखाले जनाएको छ।

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार प्रमुख तथा उपप्रमुखलाई मासिक १५० लिटर इन्धन उपलब्ध गराउने व्यवस्था छ। यस्तै सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउन जारी गरिएको मापदण्ड, २०७८ ले इन्धन खर्चमा नियन्त्रण र पारदर्शिता कायम गर्न विशेष व्यवस्था गरेको छ। तर जितपुर-सिमरा उपमहानगरपालिकाले ती कानुनी व्यवस्थाको पूर्ण पालना नगरेको देखिएको महालेखाको निष्कर्ष छ ।

महालेखाको प्रतिवेदनले उपमहानगरपालिकामा प्रमुख र उपप्रमुखका लागि प्रयोग भइरहेका सवारी साधनको इन्धन खपतसमेत स्पष्ट रूपमा अभिलेख नभएको उल्लेख गरेको छ । पदाधिकारीलाई उपलब्ध गराइने सुविधाअनुसार ती सवारी साधनमा वार्षिक करिब १८ सय लिटर इन्धन खर्च हुनुपर्ने भए पनि त्यसको वास्तविक प्रयोग र खर्च विवरण पेश नगरिएको प्रतिवेदनमा जनाइएको छ ।

यसबाहेक उपमहानगरपालिकाको स्वामित्वमा रहेका जेसीबी, एम्बुलेन्स, ट्र्याक्टर, टिप्पर तथा जेनेरेटरजस्ता साधनको इन्धन खपतसम्बन्धी तथ्यांकसमेत व्यवस्थित रूपमा नराखिएको पाइएको छ । कुन उपकरणले कति घण्टा काम गर्‍यो, त्यसअनुसार कति इन्धन खर्च भयो भन्ने आधारभूत अभिलेख नै नभएको अवस्थामा लाखौं रुपैयाँ भुक्तानी भएको देखिएको छ ।

महालेखाले अझ गम्भीर प्रश्न उठाउँदै कार्यालयका कर्मचारीका निजी मोटरसाइकल, स्वास्थ्य चौकी तथा वडा कार्यालयमा कार्यरत कर्मचारीलाई समेत इन्धन वितरण गरिएको उल्लेख गरेको छ । तर त्यसको कुनै स्पष्ट मापदण्ड, स्वीकृत प्रक्रिया वा

बाँकी तेश्रो पृष्ठमा

# सम्पत्ति छोराको नाममा गरेपछि वृद्ध दम्पतीको बिचल्ली, न्यायको खोजीमा गाउँदेखि सदरमुकामसम्म

***शु.आ. सम्बाददाता***
***रौतहट, २१ जेठ***



जीवनभरको मेहनत र पसिनाले जोडेको सम्पत्ति आफ्नै सन्तानको नाममा नामसारी गरेपछि बुढेसकालमा सहाराविहीन बनेका रौतहटका एक वृद्ध दम्पती अहिले न्यायको खोजीमा गाउँदेखि सदरमुकामसम्म धाउन बाध्य भएका छन् । राजपुर नगरपालिका-८ हजमिनियाका हफि महम्मद अन्सारी र उनकी पत्नी रोजैदा खातुनको पीडाले वृद्ध अभिभावकको अधिकार, पारिवारिक जिम्मेवारी र सामाजिक उत्तरदायित्वमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

अन्सारी दम्पतीका अनुसार उनीहरूले आफ्नो एक मात्र छोरा शाह महम्मद अन्सारीप्रति पूर्ण विश्वास गर्दै घरसहित करिब ९ धुर जग्गा दुई चरणमा नामसारी गरिदिएका थिए । तर सम्पत्ति आफ्नो नाममा आएपछि छोरा बिस्तारै परिवारबाट टाढिँदै गएको र हाल ससुराली पक्षको बसोबास रहेको बाराको गढीमाई नगरपालिका-गम्हरियामा बस्दै आएको उनीहरूको आरोप छ । उनी हाल वैदेशिक रोजगारीका लागि साउदी अरबमा रहेको बताइएको छ ।

वृद्ध दम्पतीका अनुसार बुहारी तथा नातिनातिनासमेत माइती पक्षमै बस्दै आएका छन् । यसैबीच आफूहरू बसोबास गर्दै आएको घर तथा बाँकी रहेको जग्गासमेत बिक्री गर्ने तयारी भइरहेको जानकारी पाएपछि उनीहरू थप चिन्तित र असुरक्षित बनेका छन् । "बुढेसकालमा सहारा बन्नुपर्ने छोरा नै सम्पत्ति लिएर टाढिएपछि हामी न्याय खोज्दै भौतारिन बाध्य भएका छौं," अन्सारी दम्पतीले भावुक हुँदै भने । उनीहरूका अनुसार अहिले आफूहरूलाई दैनिक जीवन निर्वाह गर्नसमेत कठिन भइरहेको छ ।

शारीरिक रूपमा कमजोर भइसकेका हफि महम्मद अन्सारीले युवावस्थामा दिनरात मेहनत गरेर परिवारका लागि सम्पत्ति जोडेको स्मरण गर्दै अहिलेको अवस्था निकै पीडादायी भएको बताए । "पहिले शरीरले साथ दिन्थ्यो, काम गरेर परिवार पाल्थें । अहिले उमेरले साथ छाडेको छ, केही गर्न सक्दिनँ । खान-लाउनकै समस्या छ," उनले गुनासो गरे ।

अन्सारी दम्पतीकी जेठी छोरी भारतको बैरगनियास्थित सिन्दुरियामा बस्दै आएकी छन् । छोरीले बेलाबेलामा पठाउने आर्थिक सहयोगकै भरमा वृद्ध दम्पती र उनीहरूको २० वर्षीया कान्छी छोरीको गुजारा चलिरहेको छ । आर्थिक अभावका कारण कान्छी छोरीको विवाहसमेत गर्न नसकेको उनीहरूको दुःख छ ।

न्यायको आशामा सदरमुकाम गौर पुगेका अन्सारी दम्पतीले पत्रकारमार्फत आफ्नो आवाज

बाँकी तेश्रो पृष्ठमा

# आधिकारिक उम्मेदवार बिरूध्द लागेको आरोपपछि कांग्रेस बारा सभापति राजेश राय यादव निलम्बित

***कलैया, २१ जेठ***



नेपाली कांग्रेसले बारा जिल्ला कार्यसमितिका सभापति राजेश राय यादव लाई पार्टीको जिम्मेवारीबाट निलम्बन गरेको छ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारलाई पराजित गराउन सक्रिय भूमिका खेलेको तथा पार्टी अनुशासन उल्लंघन गरेको आरोपमाथि अनुसन्धान जारी रहेकाले उनलाई अन्तिम निर्णय नआउँदासम्मका लागि सभापतिको अधिकार प्रयोग गर्न नपाउने गरी निलम्बन गरिएको हो ।

नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिको बिहीबार ललितपुरस्थित पार्टी केन्द्रीय कार्यालय बीपी स्मृति भवनमा बसेको बैठकले उक्त निर्णय गरेको जनाएको छ। समितिका संयोजक तारामान गुरुङ को अध्यक्षतामा बसेको बैठकले यादवमाथि लागेको आरोप गम्भीर प्रकृतिको रहेको निष्कर्ष निकाल्दै थप अनुसन्धान आवश्यक देखिएकाले निलम्बनको कदम चालिएको जनाएको छ ।

पार्टी स्रोतका अनुसार प्रतिनिधिसभा निर्वाचनका क्रममा पार्टीका आधिकारिक उम्मेदवारको हितविपरीत गतिविधि गरेको भन्दै यादवविरुद्ध केन्द्रीय अनुशासन समितिमा उजुरी दर्ता भएको थियो । सोही उजुरीका आधारमा समितिले प्रारम्भिक छानबिन प्रक्रिया अघि बढाएको थियो । अनुशासन समितिले पहिलो चरणमा वैशाख ३० गते यादवलाई पाँच दिनभित्र आफ्नो धारणा स्पष्ट पार्न स्पष्टीकरण पेश गर्न निर्देशन दिएको थियो ।

तर समितिको दाबीअनुसार तोकिएको समयसीमाभित्र यादवबाट कुनै लिखित जवाफ प्राप्त भएन । त्यसपछि समितिले दोस्रो पटक जेठ १२ गते पुनः तीन दिनको समयसीमा तोकेर स्पष्टीकरण माग गरेको थियो । तर दोस्रो पटकको पत्राचारलाई समेत उनले बेवास्ता गरेको समितिले जनाएको छ । पार्टीको अनुशासन प्रणालीअनुसार स्पष्टीकरणको अवसर प्रदान गरिए पनि त्यसप्रति कुनै प्रतिक्रिया नआएपछि समितिले थप कडा कदम

बाँकी तेश्रो पृष्ठमा

# बाराका विकास योजनामा मन्त्री समिरको विशेष सक्रियता, १ अर्ब ३९ करोडका आयोजना समयमै सम्पन्न गराउने जोड

***कलैया, २१ जेठ***




मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री मोहम्मद समिर ले बारा जिल्लामा सञ्चालन भइरहेका विकास निर्माणका योजनालाई प्रभावकारी रूपमा अघि बढाउन विशेष सक्रियता देखाएका छन् । जिल्लामा पूर्वाधार विकास कार्यालय प्रमुखको पद लामो समयदेखि रिक्त रहँदा केही प्रशासनिक तथा प्राविधिक प्रक्रिया प्रभावित बनेको भए पनि मन्त्रालयले त्यसको समाधानलाई प्राथमिकतामा राखेर आवश्यक पहल अघि बढाएको जनाएको छ ।

चालु आर्थिक वर्षमा बारा जिल्लाभित्र सडक, पुल, भवन तथा अन्य सार्वजनिक पूर्वाधार निर्माणसँग सम्बन्धित करिब १ अर्ब ३९ करोड रुपैयाँ बराबरका योजना सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष समाप्त हुन केही सातामात्र बाँकी रहँदा ती योजनाको प्रगति, बजेट कार्यान्वयन र समयमै सम्पन्नताको विषयलाई लिएर मन्त्रालय थप सक्रिय बनेको हो । मन्त्री समिरले मन्त्रालयका उच्च अधिकारी तथा सम्बन्धित निकायलाई योजनाको नियमित अनुगमन, आवश्यक समन्वय तथा देखिएका समस्या तत्काल समाधान गर्न निर्देशन दिएका छन् ।

पूर्वाधार विकास कार्यालयको नेतृत्व रिक्त हुँदा कतिपय फाइल प्रक्रिया, प्राविधिक निर्णय तथा प्रशासनिक कार्यमा ढिलाइ हुन सक्ने अवस्था देखिएपछि मन्त्रालयले कार्यालय प्रमुखको व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अघि बढाएको स्रोतले जनाएको छ । स्थायी व्यवस्थापन नभएसम्म विकास निर्माणका कार्य अवरुद्ध हुन नदिन कार्यालयका अन्य जिम्मेवार कर्मचारीमार्फत नियमित सेवा प्रवाह र आवश्यक प्रशासनिक काम सञ्चालन भइरहेको बताइएको छ ।

मन्त्री समिरले पदभार सम्हालेपछि प्रदेशभर विकास निर्माणका आयोजनालाई परिणाममुखी बनाउने, बजेट खर्चको दर वृद्धि गर्ने तथा नागरिकले प्रत्यक्ष लाभ पाउने योजनालाई प्राथमिकता दिने नीति अवलम्बन गर्दै आएका छन् । सोही नीतिअनुसार बारामा सञ्चालनमा रहेका योजनाको प्रगति समीक्षा, समस्या पहिचान तथा समाधानका लागि मन्त्रालयले विशेष ध्यान दिएको जनाइएको छ । मन्त्रालयका अधिकारीहरूका अनुसार कुनै पनि योजना नेतृत्व अभावका कारण प्रभावित नहोस् भन्ने उद्देश्यले आवश्यक समन्वय र सहजीकरणलाई तीव्रता दिइएको छ ।

बाराका विभिन्न स्थानीय तहमा सडक स्तरोन्नति, पुल निर्माण, सरकारी भवन निर्माण तथा अन्य आधारभूत पूर्वाधारका आयोजना सञ्चालनमा छन् । यी आयोजनाको समयमै सम्पन्नताले स्थानीय नागरिकको आवागमन, सेवा पहुँच र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । मन्त्रालयले असार मसान्तअघि सकेसम्म बढी योजनाको भौतिक तथा वित्तीय प्रगति सुनिश्चित गर्न सम्बन्धित कार्यालयहरूलाई सक्रिय बनाएको जनाएको छ ।

स्थानीय जनप्रतिनिधि तथा

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### एक अर्बको बेरूजु : सुधारको पर्खाइमा जितपुर-सिमरा

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनले जितपुर-सिमरा उपमहानगरपालिकाको वित्तीय व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ । उपमहानगरपालिकाको बेरूजु रकम एक अर्ब रूपैयाँ नाघ्नु सामान्य प्रशासनिक कमजोरी मात्र नभई आर्थिक अनुशासन र सुशासनका लागि चिन्ताको विषय हो ।

स्थानीय तहलाई विकास निर्माण र जनसेवाको महत्वपूर्ण जिम्मेवारी दिइएको छ । तर सार्वजनिक रकम खर्च गर्दा कानुनी प्रक्रिया, पारदर्शिता र जवाफदेहिता अनिवार्य शर्त हुन् । खर्चको प्रमाण र प्रक्रिया पूरा नभएका कारण बेरूजु बढ्दै जानुले प्रणालीगत कमजोरी रहेको संकेत गर्छ ।

झन् चिन्ताको विषय त नयाँ बेरूजु थपिने क्रम निरन्तर रहनु हो । पुराना बेरूजु फछ्र्यौट गर्ने प्रयास भए पनि नयाँ अनियमितता वा प्रक्रियागत त्रुटि दोहोरिनु सुधारका प्रयास प्रभावकारी नभएको प्रमाण हो । यसले योजना छनोट, कार्यान्वयन, खरिद प्रक्रिया र लेखा व्यवस्थापनमा थप निगरानी आवश्यक रहेको देखाउँछ । बेरूजु हुनु भनेको सबै रकम हिनामिना भएको भन्ने अर्थ होइन । तर यति ठूलो रकमको हिसाब स्पष्ट नहुनु आफैंमा गम्भीर विषय हो । स्थानीय सरकारप्रति जनविश्वास कायम राख्न खर्चको पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुनैपर्छ ।

अब उपमहानगरपालिकाले प्रतिवेदनलाई आलोचनाका रुपमा मात्र नभई सुधारको अवसरका रुपमा लिनुपर्छ । बेरूजु फछ्र्यौटलाई प्राथमिकतामा राख्दै वित्तीय अनुशासन कडाइका साथ लागू गर्नु आजको आवश्यकता हो । अन्यथा बढ्दो बेरूजुले विकासका उपलब्धिभन्दा पनि आर्थिक व्यवस्थापनका कमजोरीहरुलाई बढी उजागर गरिरहनेछ ।

# सुर्तीजन्य पदार्थ नियन्त्रणका चुनौती



ज्ञानेन्द्र घले

सुर्तीजन्य पदार्थमा कर बढाउनु सही कदम हो ।

मे ३१ मा विश्व सुर्ती निषेध दिवस मनाइँदै गर्दा नेपाल सरकारले सुर्तीजन्य पदार्थ र सम्बन्धित उत्पादनमा कर बढाउने निर्णय सार्वजनिक गऱ्यो । यो निर्णयलाई जनस्वास्थ्य पक्षधरहरूले स्वाभाविक रूपमा स्वागत गरेका छन् । नसर्ने रोगहरू बढिरहेको, स्वास्थ्य सेवा खर्च चुलिँदै गएको र सार्वजनिक स्रोतहरू दबाबमा परेको अवस्थामा सुर्तीजन्य पदार्थको प्रयोग घटाउन सहयोग गर्ने कुनै पनि कदम महत्त्वपूर्ण हुन्छ ।

तर, यो घोषणाले एउटा गहिरो समस्या पनि उजागर गरेको छ । नेपालको सुर्तीजन्य पदार्थ नियन्त्रणको चुनौती अब नयाँ नीति बनाउने वा कर बढाउने विषयमा मात्रै सीमित छैन । मुख्य प्रश्न राज्यले आफूले पहिले नै बनाएका नीति र कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्छ कि सक्दैन भन्ने हो ।

चुरोटभन्दा बाहिरको सुर्तीजन्य समस्या: सुर्तीजन्य पदार्थ विश्वमा रोग र अकाल मृत्युका प्रमुख रोकथामयोग्य कारणमध्ये एक हो । यसका कारण

प्रत्येक वर्ष ७० लाखभन्दा बढी मानिसको मृत्यु हुन्छ, जसमा अरूले गरेको धूम्रपानबाट निस्कने धुवाँको सम्पर्कमा परेका करिब १६ लाख गैरधूम्रपान गर्ने मानिसहरू पनि पर्छन् । नेपालमा पनि सुर्तीजन्य पदार्थको प्रयोग व्यापक छ र यसमा लैंगिक भिन्नता स्पष्ट देखिन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार १५ देखि ४९ वर्ष उमेरसमूहका करिब आधा पुरुष र ७ प्रतिशत महिलाले कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थ प्रयोग गरेका थिए । पछिल्ला राष्ट्रिय सर्वेक्षणहरूले पनि विशेषगरी पुरुषहरूमा सुर्तीजन्य पदार्थको प्रयोग उच्च रहेको देखाउँछन्, जसमा धुवाँरहित सुर्तीजन्य पदार्थ ठूलो समस्याका रूपमा देखिएको छ ।

त्यसैले नेपालको सुर्तीजन्य चुनौती चुरोटमा मात्रै सीमित छैन । धुवाँरहित सुर्तीजन्य पदार्थले पनि रोग, अपांगता, उत्पादकत्वमा ह्रास र आर्थिक कठिनाइ निम्त्याइरहेको छ । सुर्तीजन्य पदार्थ नियन्त्रणले धूम्रपानमात्र होइन, सबै प्रकारका सुर्तीजन्य प्रयोगलाई सम्बोधन गर्नुपर्छ ।

कर आवश्यक छ, तर पर्याप्त छैन: सुर्तीजन्य पदार्थमा कर बढाउनु सही दिशाको कदम हो । प्रमाणहरूले देखाएका छन् कि उच्च करले उपभोग घटाउन, युवाहरूलाई सुर्तीजन्य पदार्थ सुरु गर्नबाट निरुत्साहित गर्न र प्रयोगकर्ताहरूलाई छोड्न वा प्रयोग घटाउन प्रेरित गर्न सक्छ । यसले स्वास्थ्य र अन्य राष्ट्रिय प्राथमिकताका लागि राजस्व पनि बढाउन सक्छ ।

तर पछिल्लो वृद्धि रूपान्तरणकारीभन्दा पनि क्रमिक देखिन्छ । यसले सकारात्मक संकेत त दिन्छ, तर सुर्तीजन्य पदार्थलाई आम उपभोक्ताका लागि कम पहुँचयोग्य बनाउन वा विश्व स्वास्थ्य संगठनको सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी रूपरेखा महासन्धिअन्तर्गत नेपालको प्रगतिलाई तीव्र बनाउन आवश्यक पर्ने बलियो कर सुधारको रूप अझै लिएको छैन । बजेटअघि नै जनस्वास्थ्य पक्षधरहरूले करमा अझ कडा सुधार, राम्रो कार्यान्वयन र सुर्ती उद्योगको प्रभावबाट नीति प्रक्रियालाई जोगाउन माग गरेका थिए । त्यो चिन्ता अझै सान्दर्भिक छ ।

विश्वमा प्रत्येक वर्ष ७० लाखभन्दा बढी मानिसको सुर्तीजन्य पदार्थको सेवनाबाट मृत्यु हुन्छ, जसमा अरूले गरेको धूम्रपानबाट निस्कने धुवाँको सम्पर्कमा परेका करिब १६ लाख गैरधूम्रपान गर्ने मानिसहरू पनि पर्छन् । नेपालमा पनि सुर्तीजन्य पदार्थको प्रयोग व्यापक छ र यसमा लैंगिक भिन्नता स्पष्ट देखिन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार १५ देखि ४९ वर्ष उमेरसमूहका करिब आधा पुरुष र ७ प्रतिशत महिलाले कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थ प्रयोग गरेका थिए । विशेषगरी पुरुषहरूमा सुर्तीजन्य पदार्थको प्रयोग उच्च रहेको देखाउँछन्, जसमा धुवाँरहित सुर्तीजन्य पदार्थ ठूलो समस्याका रूपमा देखिएको छ । धुवाँरहित सुर्तीजन्य पदार्थले पनि रोग, अपांगता, उत्पादकत्वमा ह्रास र आर्थिक कठिनाइ निम्त्याइरहेको छ ।

बलिया प्रतिबद्धता, कमजोर अनुपालन: नेपालले सन् २००६ मा विश्व स्वास्थ्य संगठनको सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी रूपरेखा महासन्धि अनुमोदन गरेको थियो । कागजमा हेर्दा देशले प्रगति गरेको देखिन्छ । नेपालसँग सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुन छ, सुर्तीजन्य पदार्थको प्याकेटमा कडा चित्रसहितको स्वास्थ्य चेतावनी राख्नुपर्ने व्यवस्था छ, र विश्व स्वास्थ्य संगठनको पावर ढाँचाका केही महत्त्वपूर्ण तत्वहरू पनि समेटिएका छन् । तर कानुनी बलले सार्वजनिक व्यवहारमा निरन्तर अनुपालन सुनिश्चित गर्न सकेको छैन । पछिल्लो कर वृद्धि मुख्यत: मूल्य र करसम्बन्धी उपायमा योगदान गर्ने कदम हो । तर सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि यसभन्दा धेरै आवश्यक छ: अरूले गरेको धूम्रपानको धुवाँबाट संरक्षण, सुर्तीजन्य पदार्थको विज्ञापन र प्रवर्द्धनमा नियन्त्रण, सुर्ती छोड्न सहयोग गर्ने सेवा, प्रभावकारी स्वास्थ्य चेतावनी, र सुर्ती उद्योगको हस्तक्षेपविरुद्ध सुरक्षा । बलिया कानुनहरू कमजोर रूपमा कार्यान्वयन भइरहँदा नेपालले वास्तविक प्रगति भएको दाबी गर्न सक्दैन ।

धूम्रपानरहित सार्वजनिक स्थल अझै कागजमै सीमित: कमजोर कार्यान्वयनको सबैभन्दा स्पष्ट उदाहरणमध्ये एक धूम्रपानरहित सार्वजनिक स्थल हो । नेपालको कानुनले सार्वजनिक स्थानहरू धूम्रपानरहित हुनुपर्ने व्यवस्था गरेको छ । तर केही रेस्टुरेन्ट, बार, मनोरञ्जनस्थल र अन्य सार्वजनिक ठाउँहरूमा धूम्रपान अझै देखिन्छ । यस्तो अवस्था रोक्न बनाइएका कानुन हुँदाहुँदै पनि कामदार र ग्राहकहरू सुर्तीजन्य धुवाँको जोखिममा परिरहेका छन् ।

यो नीति निर्माणको असफलता होइन । यो कार्यान्वयनको असफलता हो । अनुगमन अनियमित छ, जिम्मेवारी विभिन्न निकायमा छरिएका छन्, र सजाय प्राय: कमजोर वा विरलै लागू हुन्छ । धेरै आतिथ्य तथा रात्रिकालीन मनोरञ्जन स्थलहरूमा धूम्रपान अझै सामाजिक रूपमा सह्य मानिन्छ । व्यवसायीहरू ग्राहकलाई रोक्न हिचकिचाउन सक्छन्, र धुवाँको जोखिममा परेका कामदारहरूसँग आवाज उठाउने अधिकार वा संरक्षण प्राय: हुँदैन ।

दक्षिण एसियाका धेरै देशहरूमा जस्तै नेपालको चुनौती कानुनी प्रतिबद्धताभन्दा बढी निरन्तर कार्यान्वयनसँग सम्बन्धित छ । धूम्रपानरहित कानुनले जनतालाई त्यतिबेला मात्र संरक्षण दिन्छ, जब ती कानुन कार्यान्वयन, अनुगमन र सामाजिक रूपमा सम्मान गरिन्छन् । गैरधूम्रपान गर्ने व्यक्तिहरूका लागि यो अधिकारको विषय पनि हो । मानिसहरूले सार्वजनिक स्थानको उपयोग र आफ्नो स्वास्थ्य सुरक्षाबीच रोज्नुपर्ने अवस्था आउनु हुँदैन ।

नेतृत्व, संस्कृति र युवा: सुर्तीजन्य पदार्थ नियन्त्रण सार्वजनिक जीवनमा नेताहरू, सांसदहरू, प्रभावशाली व्यक्तिहरू र सांस्कृतिक व्यक्तित्वहरूले दिने संकेतसँग पनि सम्बन्धित छ । जब धूम्रपानलाई आत्मविश्वास, विद्रोह, पुरुषत्व वा शैलीसँग जोडिन्छ, जनस्वास्थ्य सन्देश कमजोर हुन्छ, विशेषगरी युवाहरूका बीचमा ।

नेपालमा अहिले शासन सुधार र सार्वजनिक जीवनमा युवाको सहभागिताबारे बहस भइरहेको समयमा नेतृत्वसँग सामाजिक मान्यता बदल्ने अवसर छ । प्रश्न सुर्तीजन्य पदार्थ अलि महँगो हुन्छ कि हुँदैन भन्ने मात्र होइन । प्रश्न सार्वजनिक नेतृत्वले किशोरकिशोरीलाई सुर्तीजन्य पदार्थ सुरु गर्नबाट रोक्न र धूम्रपानरहित सार्वजनिक जीवनलाई नेपालको व्यापक विकास एजेन्डाको हिस्सा बनाउन सक्छ कि सक्दैन भन्ने हो ।

शासन क्षमताको परीक्षा: नेपालले नीति बनाउन, कानुन पास गर्न र अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउन सक्छ भन्ने कुरा पटक-पटक देखाएको छ । दोहोरिरहने कमजोरी कार्यान्वयनमा हो । त्यसैले सुर्तीजन्य पदार्थ नियन्त्रण जनस्वास्थ्यको विषय मात्र होइन । यो शासन क्षमताको परीक्षा पनि हो ।

सुर्तीजन्य पदार्थ नियन्त्रणलाई वार्षिक बजेट घोषणाका रूपमा होइन, व्यापक जनस्वास्थ्य रणनीतिका रूपमा लिनुपर्छ । धूम्रपानरहित कानुनको बलियो कार्यान्वयन, सुर्ती छोड्न सहयोग गर्ने राम्रो सेवा, सुर्तीजन्य पदार्थको बजार प्रवर्द्धनमा कडा नियन्त्रण, बलियो अनुगमन, र सुर्ती उद्योगको प्रभावबाट नीतिलाई जोगाउने व्यवस्था अत्यावश्यक छन् ।

स्वास्थ्य वित्तपोषण र सामाजिक न्याय: यो विषय स्वास्थ्य वित्तपोषण र सामाजिक न्यायसँग पनि जोडिएको छ । नसर्ने रोगहरूले नेपालको स्वास्थ्य प्रणालीमा बढ्दो दबाब पारेका छन्, जबकि आवश्यकताको तुलनामा सार्वजनिक स्वास्थ्य वित्तपोषण अझै अपर्याप्त छ । पछिल्लो बजेटले स्वास्थ्य क्षेत्रमा नाममात्रको विनियोजन बढाएको छ, तर स्वास्थ्य क्षेत्रले अझै राष्ट्रिय बजेटको पाँच प्रतिशतभन्दा कम हिस्सामात्र प्राप्त गरेको छ । सामाजिक स्वास्थ्य बिमा पनि वित्तीय स्रोत र दिगोपनका चुनौतीहरू सामना गरिरहेको छ, जसले वास्तविक आर्थिक संरक्षण सीमित बनाउँछ । परिणामस्वरूप धेरै घरपरिवार अझै पनि आफ्नै खल्तीबाट ठूलो स्वास्थ्य खर्च बेहोर्न बाध्य छन् ।

प्रभावकारी सुर्तीजन्य पदार्थ नियन्त्रणले भविष्यको स्वास्थ्य खर्च घटाउन, उत्पादकत्व सुधार गर्न, रोकथाम गर्न सकिने रोगहरू कम गर्न र आन्तरिक राजस्व बढाउन सक्छ । यसले गरिब घरपरिवारलाई पनि जोगाउँछ, जो रोग, अपांगता, आम्दानी गुम्ने अवस्था वा दीर्घकालीन उपचारको खर्च धान्न सबैभन्दा कम सक्षम हुन्छन् ।

नेपालमा शासन सुधार, वित्तीय दिगोपन र सार्वजनिक सेवा प्रवाहबारे बहस भइरहेका बेला सुर्तीजन्य पदार्थ नियन्त्रण एउटा उपयोगी परीक्षणको विषय हो । देशसँग आवश्यक कानुन, नीति र प्रतिबद्धताहरू धेरै हदसम्म पहिले नै छन् । बाँकी प्रश्न यिनलाई प्रभावकारी र न्यायपूर्ण रूपमा कार्यान्वयन गर्न सक्छ कि सक्दैन भन्ने हो ।

वास्तविक नीतिगत प्रश्न: विश्व स्वास्थ्य संगठनको सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी रूपरेखा महासन्धि अनुमोदन गरेको झन्डै दुई दशकपछि नेपालमा ज्ञानको कमी छैन । कमी छ त निरन्तर कार्यान्वयन, संस्थागत जवाफदेहिता र राजनीतिक इच्छाशक्तिको ।

विश्व सुर्ती निषेध दिवस वार्षिक औपचारिकतामा सीमित हुनु हुँदैन । यसले नेपाललाई सम्झाउनुपर्छ कि सुर्तीजन्य पदार्थ नियन्त्रणको सफलता पास भएका कानुन वा घोषणा गरिएका करबाट होइन, जोगिएका जीवन, रोकिएका रोग र साँच्चिकै धूम्रपानरहित बनेका सार्वजनिक स्थानबाट मापन हुनेछ ।

नेपालले भ्रमण वर्ष २०८५ को तयारी गरिरहेको सन्दर्भमा सफा र स्वस्थ सार्वजनिक स्थान जनस्वास्थ्यको प्राथमिकतामात्र होइनन्; ती नेपाललाई स्वागतयोग्य गन्तव्यका रूपमा प्रस्तुत गर्ने राष्ट्रिय छविको हिस्सा पनि हुन् । नेपालको सुर्तीजन्य पदार्थ नियन्त्रणको परीक्षा अब सरल छ: राज्यले आफ्ना कानुनहरू पहिले नै काम गर्नुपर्ने ठाउँमै जनतालाई संरक्षण दिन सक्छ कि सक्दैन ?

(घले, विश्व स्वास्थ्य संगठनका पूर्वकर्मचारी हुन् र विश्व स्वास्थ्य नीति तथा शासनमा रुचि राख्छन् ।)


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# उत्तर कोरियाको आणविक दौड तीव्र, नयाँ युरेनियम संवर्धन केन्द्र सार्वजनिक

***काठमाडौं-*** उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई थप तीव्र बनाउने संकेतस्वरूप आणविक बम निर्माणका लागि आवश्यक इन्धन उत्पादन गर्ने नयाँ संयन्त्र सार्वजनिक गरेको छ । राज्य सञ्चालित सञ्चारमाध्यमका अनुसार नेता किम जोङ उनले देशको आणविक शक्ति तीव्र गतिमा विस्तार गर्ने लक्ष्य पुनः दोहोर्‍याएका छन्, जसले कोरियाली प्रायद्वीपको सुरक्षा अवस्थाप्रति नयाँ चिन्ता थपेको छ ।

दक्षिण कोरियाली सेनाले सार्वजनिक गरिएको स्थललाई युरेनियम संवर्धन केन्द्रका रूपमा मूल्याङ्कन गरेको जनाएको छ। दक्षिण कोरियाको संयुक्त सैनिक मुख्यालयले उत्तर कोरियाको आणविक गतिविधिमाथि निगरानी गर्न अमेरिकासँग घनिष्ठ समन्वय भइरहेको जनाएको छ, तर उक्त केन्द्रको स्थानबारे थप विवरण खुलाएको छैन । उत्तर कोरियाको सरकारी समाचार संस्था केसीएनएका अनुसार नयाँ केन्द्रमा 'अझ उन्नत प्रविधि' प्रयोग गरिएको छ । यद्यपि यसको ठ्याक्कै स्थान, उत्पादन क्षमता वा सञ्चालन सुरु भएको मिति सार्वजनिक गरिएको छैन । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा हतियारस्तरको युरेनियम उत्पादनका लागि प्रयोग हुने सेन्ट्रिफ्युजहरूले भरिएको ठूलो हल देखिएको छ ।

केसीएनएका अनुसार किमले बुधबार उक्त केन्द्रको निरीक्षण गर्दै सञ्चालन अवस्था र दीर्घकालीन उत्पादन योजनाबारे जानकारी लिएका थिए । त्यस क्रममा उनले उत्तर कोरियाको आणविक प्रतिरोध क्षमता गुणस्तर र परिमाण दुवै हिसाबले अझ सुदृढ बनाउनुपर्ने आवश्यकता बढ्दै गएको बताएका थिए ।

उत्तर कोरियाले अमेरिका नेतृत्वको सुरक्षा चुनौती र सैन्य दबाबलाई आफ्नो आणविक कार्यक्रम विस्तारको प्रमुख कारणका रूपमा प्रस्तुत गर्दै आएको छ। किमले बदलिँदो सुरक्षा वातावरण, विभिन्न खतराहरू र अन्तर्राष्ट्रिय संकटलाई पनि आणविक क्षमता विस्तारको औचित्यका रूपमा उल्लेख गरेका छन् ।

केसीएनएले उत्तर कोरियाको हतियारस्तरको आणविक सामग्री उत्पादन क्षमता पाँच वर्षअघिको तुलनामा दोब्बरभन्दा बढी पुगेको दाबी गरेको छ। यद्यपि उक्त दाबी स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन । साथै, देशको आणविक क्षमता उल्लेखनीय रूपमा विस्तार गर्ने दीर्घकालीन योजना कार्यान्वयनलाई प्राथमिकता दिइएको पनि जनाइएको छ ।

सार्वजनिक गरिएका तस्बिरहरूमा किम सेन्ट्रिफ्युज हलजस्ता संरचनाको निरीक्षण गरिरहेको देखिन्छ । अर्को तस्बिरमा उनी वरिष्ठ अधिकारीहरूसँग बैठकमा सहभागी छन् । बैठक कक्षमा देखिएको एउटा अस्पष्ट वस्तु बमको अग्रभागजस्तो देखिए पनि त्यो आणविक हतियारको नमुना हो वा होइन भन्ने स्पष्ट भएको छैन ।

उत्तर कोरियाले सेप्टेम्बर २०२४ मा अर्को गोप्य युरेनियम संवर्धन केन्द्र सार्वजनिक गरेको दुई वर्षभन्दा कम अवधिमा यो नयाँ खुलासा गरेको हो । सन् २०१० मा अमेरिकी आणविक विज्ञहरूलाई योङब्योनस्थित प्रमुख आणविक परिसर अवलोकन गराएपछि यस्ता सुविधाहरू सार्वजनिक गर्ने क्रम जारी छ ।

किमले २०२४ मै अर्को संवर्धन केन्द्रको निरीक्षणका क्रममा देशको आणविक शस्त्रागारलाई 'द्रुत गतिमा' विस्तार गर्न सेन्ट्रिफ्युजहरूको संख्या बढाउन र उन्नत प्रविधि विकास गर्न निर्देशन दिएका थिए । पछिल्लो घोषणा पनि त्यही रणनीतिक दिशाको निरन्तरता मानिएको छ ।

उत्तर कोरियाले सन् २०१७ यता कुनै आणविक परीक्षण नगरे पनि पछिल्ला वर्षहरूमा आणविक हतियार बोक्न सक्ने विभिन्न प्रकारका क्षेप्यास्त्रहरूको विकास र परीक्षणलाई तीव्र बनाएको छ । तीमध्ये केही मिसाइल अमेरिकी सहयोगी राष्ट्रहरू मात्र नभई अमेरिकी मुख्य भूमिसम्म पुग्न सक्ने क्षमताका रहेको दाबी गरिन्छ ।

दक्षिण कोरियाका एक वरिष्ठ अधिकारीले सन् २०१८ मा उत्तर कोरियासँग २० देखि ६० वटासम्म आणविक हतियार हुन सक्ने अनुमान प्रस्तुत गरेका थिए। पछिल्ला वर्षहरूमा केही अन्तर्राष्ट्रिय विज्ञहरूले भने उत्तर कोरियाको आणविक भण्डार १०० भन्दा बढी हतियारसम्म पुगिसकेको हुन सक्ने आकलन गरेका छन्। उत्तर कोरियाले प्रत्येक वर्ष थप ६ देखि १८ वटासम्म आणविक हतियार उत्पादन गर्न सक्ने अनुमान पनि गरिएको छ। गत वर्ष दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले उत्तर कोरियाले योङब्योनसहित कम्तीमा चारवटा युरेनियम संवर्धन केन्द्र सञ्चालन गरिरहेको बताएका थिए ।

आणविक हतियार निर्माणका लागि अत्यधिक संवर्धित युरेनियम वा प्लुटोनियम आवश्यक पर्छ । उत्तर कोरियासँग योङब्योन आणविक परिसरमा यी दुवै प्रकारका सामग्री उत्पादन गर्ने क्षमता रहेको मानिन्छ। विश्लेषकहरूका अनुसार सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किम जोङ उनबीचको उच्चस्तरीय आणविक वार्ता विफल भएपछि उत्तर कोरिया वार्ताभन्दा आफ्नो आणविक क्षमता विस्तार र आधुनिकीकरणमा बढी केन्द्रित भएको छ । त्यसयता अमेरिकाले वार्ता पुनः सुरु गर्ने प्रयास गरे पनि प्योङयाङले त्यसमा चासो देखाएको छैन ।

यसैबीच, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का महानिर्देशक राफेल ग्रोसीले अप्रिलमा उत्तर कोरियाका आणविक केन्द्रहरूमा गतिविधि उल्लेखनीय रूपमा बढेको बताएका थिए । उनका अनुसार विभिन्न आणविक स्थलहरूमा 'द्रुत वृद्धि' देखिएको छ, जसले उत्तर कोरिया आफ्नो आणविक कार्यक्रमलाई अझ व्यापक बनाउने दिशामा अघि बढिरहेको संकेत गर्छ ।

# गढीमाई लजमा पार्किङ गरीएको ई- स्कुटरको ब्याट्री बिस्फोट, आगलागीबाट लाखौंको क्षति

***बीरगंज, २१ जेठ***

वीरगंज महानगरपालिका-९ स्थित जिल्ला प्रशासन कार्यालय पर्सा नजिक रहेको गढिमाई लज परिसरमा पार्किङ गरिएको एक विद्युतीय स्कुटरको ब्याट्री विस्फोट हुँदा आगलागी भएको छ । बिहीबार बिहान करिब ७ बजे भएको घटनामा स्कुटर पूर्ण रूपमा जलेर नष्ट भएको छ भने लजभित्र रहेका विभिन्न सामग्रीमा समेत क्षति पुगेको छ ।



प्रहरीका अनुसार मधेश प्रदेश ०३-०३९ प १४४३ नम्बरको ई-स्कुटर लज अगाडि पार्किङ गरिएको अवस्थामा अचानक ब्याट्रीबाट धुवाँ निस्किन थालेपछि विस्फोट भई आगलागी भएको थियो। केही क्षणमै आगोले विकराल रूप लिँदा स्कुटर पूर्ण रूपमा जलेर नष्ट भएको छ ।

आगलागीका कारण लजभित्र रहेका चौकी, लत्ताकपडा, इन्टरनेट उपकरण, एयर कन्डिसनर, पंखा, होर्डिङ बोर्ड लगायतका सामग्रीमा समेत क्षति पुगेको प्रहरीले जनाएको छ। प्रारम्भिक अनुमानअनुसार घटनाबाट उल्लेखनीय आर्थिक क्षति भएको भए पनि क्षतिको यकिन विवरण संकलन भइरहेको छ। लज तथा स्कुटरका मालिक किशन साह कानुले स्कुटर सामान्य अवस्थामा पार्किङ गरेर राखिएको बेला कुनै पूर्व संकेतबिना ब्याट्रीबाट धुवाँ निस्किन थालेको बताए। "हेर्दाहेर्दै ठूलो आवाज आयो र आगो बल्न थाल्यो । केही मिनेटमै आगो आसपासका संरचनातर्फ फैलिएको थियो," उनले भने। घटनाको जानकारी प्राप्त हुनासाथ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा वीरगञ्ज महानगरपालिकाको दमकल टोली तत्काल घटनास्थलमा पुगेको थियो। सुरक्षाकर्मी र स्थानीयवासीको संयुक्त प्रयासमा आगो नियन्त्रणमा लिइएको भए पनि स्कुटर र लजका विभिन्न सामग्री जलेर नष्ट भएका छन् । घटनापछि विद्युतीय सवारीसाधनमा प्रयोग हुने लिथियम ब्याट्रीको सुरक्षा र गुणस्तरबारे पुनः प्रश्न उठेको छ। पछिल्ला वर्षहरूमा देशका विभिन्न स्थानमा ई-स्कुटर तथा अन्य विद्युतीय सवारीसाधनका ब्याट्रीसँग सम्बन्धित आगलागीका घटनाहरू सार्वजनिक भइरहेका छन्। पीडित पक्षले आगलागीको वास्तविक कारण पत्ता लगाउन प्राविधिक अनुसन्धान गर्न सम्बन्धित निकायसँग माग गरेको छ। ब्याट्रीमा उत्पादनगत त्रुटि, चार्जिङ प्रणालीको समस्या वा अन्य कुनै प्राविधिक कारण रहेको विषय अनुसन्धानपछि मात्र स्पष्ट हुने बताइएको छ। वीरगंजको यो घटनाले विद्युतीय सवारीसाधनको बढ्दो प्रयोगसँगै सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन, गुणस्तरीय ब्याट्रीको प्रयोग तथा नियमित प्राविधिक परीक्षणको आवश्यकता थप उजागर गरेको छ। सरोकारवालाहरूले यस्ता घटनाको पुनरावृत्ति रोक्न सरकार, आयातकर्ता कम्पनी र प्रयोगकर्ताले आवश्यक सावधानी अपनाउनुपर्ने बताएका छन्।

## जितपुर-सिमरा.......

उपयोगिता पुष्टि गर्ने कागजात उपलब्ध नभएको प्रतिवेदनमा उल्लेख छ । यसले इन्धन खर्च वास्तविक आवश्यकताभन्दा बढी भएको र नियन्त्रणविहीन रूपमा वितरण गरिएको आशंका बलियो बनाएको छ । प्रतिवेदन अनुसार उपमहानगरपालिकाले पदाधिकारी इन्धन खर्चतर्फ करिब रु. १९ लाख ७४ हजार, कार्यालय इन्धन खर्चतर्फ रु. १ करोड २ लाख ४६ हजार ९ सय १३ रुपैयाँ खर्च गरेको देखिन्छ। बाँकी रकम अन्य उपकरण तथा साधन सञ्चालनमा खर्च भएको उल्लेख भए पनि त्यसको विस्तृत विवरण पेश नगरिएको महालेखाले जनाएको छ ।

महालेखा परीक्षकको कार्यालयले उपमहानगरपालिकालाई इन्धन खर्चसम्बन्धी स्पष्ट मापदण्ड तयार गरी लागू गर्न, प्रत्येक सवारी साधनको लगबुक अनिवार्य राख्न, अधिकृतस्तरबाट प्रमाणित अभिलेख तयार गर्न तथा खर्च नियन्त्रणका लागि प्रभावकारी अनुगमन प्रणाली विकास गर्न निर्देशन दिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले पारदर्शिता, जवाफदेहिता र सुशासनलाई प्राथमिकता दिएको अवस्थामा जितपुर-सिमरा उपमहानगरपालिकामा देखिएको यो अवस्था चिन्ताजनक रहेको सरोकारवालाहरू बताउँछन् । सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित गर्ने जिम्मेवारी बोकेको स्थानीय सरकारले नै करोडौं रुपैयाँ खर्चको स्पष्ट हिसाब दिन नसक्नुले वित्तीय अनुशासनमाथि गम्भीर प्रश्न उठाएको छ। महालेखाको प्रतिवेदन सार्वजनिक भएसँगै अब उपमहानगरपालिकाको नेतृत्वले खर्चको वास्तविकता सार्वजनिक गर्ने, जिम्मेवार निकायमाथि छानबिन गर्ने र सुधारका कदम चाल्ने कि पुरानै शैलीलाई निरन्तरता दिने भन्ने विषय आम नागरिकको चासोको केन्द्र बनेको छ। स्थानीय तहमा सुशासनको नारा दिने नेतृत्वका लागि यो प्रतिवेदन एउटा गम्भीर चेतावनीका रूपमा आएको विश्लेषण गरिएको छ।

## सम्पत्ति.........

सम्बन्धित निकायसम्म पुर्‍याइदिन आग्रह गरेका छन् । "हाम्रो पीडा माथिसम्म पुगोस्, हामीलाई न्याय मिलोस् । बुढेसकालमा घरबारविहीन हुने अवस्था नआओस्," उनीहरूले आग्रह गरे। उनीहरूका अनुसार चर्को गर्मीमा समेत विभिन्न सरकारी कार्यालय धाउनुपर्दा शारीरिक र मानसिक रूपमा थप कष्ट भोग्नुपरेको छ। "अरू मानिसहरू घरमा आराम गरिरहेका छन्, हामी भने न्यायको खोजीमा भौतारिरहेका छौं," उनीहरूले भने ।

यो घटनाले सम्पत्ति हस्तान्तरणपछि कतिपय परिवारमा देखिने सम्बन्ध विच्छेद, वृद्ध अभिभावकको असुरक्षा तथा संरक्षणको अभावलाई उजागर गरेको छ । अभिभावकको सम्पत्ति उपयोग गर्ने सन्तानले उनीहरूको हेरचाह र पालनपोषण गर्ने नैतिक तथा कानुनी दायित्व पूरा गर्नुपर्ने विषय पुनः चर्चामा आएको छ। स्थानीयवासी तथा अधिकारकर्मीहरूले वृद्धवृद्धाको संरक्षण, सम्पत्ति हस्तान्तरणसम्बन्धी कानुनी सचेतना तथा पारिवारिक जिम्मेवारी सुनिश्चित गर्न सम्बन्धित निकायले प्रभावकारी पहल गर्नुपर्ने बताएका छन् ।

## सभापति........

चाल्नुपर्ने अवस्था सिर्जना भएको जनाएको छ ।

दुई-दुई पटक स्पष्टीकरणको अवसर दिँदा पनि कुनै जवाफ नआएको विषयलाई समितिले गम्भीर रूपमा लिएको छ। पार्टी नेतृत्वका अनुसार अनुसन्धान प्रक्रियामा सहयोग नगर्नु र अनुशासन समितिको निर्देशनलाई बेवास्ता गर्नु पनि छुट्टै अनुशासनहीनताको विषय बन्न सक्ने भएकाले घटनाको समग्र पक्षमाथि थप अध्ययन गरिनेछ। समितिले आवश्यक प्रमाण, उजुरी तथा सम्बन्धित पक्षका विवरणको अध्ययनपछि अन्तिम निर्णय गर्ने जनाएको छ ।

राजेश राय यादव बारा जिल्लामा कांग्रेसका प्रभावशाली नेतामध्ये एक मानिन्छन् । जिल्ला सभापति जस्तो महत्वपूर्ण पदमा रहेका व्यक्तिलाई पार्टीले निलम्बन गरेको घटनाले बाराको कांग्रेस राजनीतिमा नयाँ बहस सुरु भएको छ । आगामी निर्णयले जिल्लाको आन्तरिक शक्ति सन्तुलन, संगठनात्मक गतिविधि तथा स्थानीय राजनीतिक समीकरणमा समेत प्रभाव पार्न सक्ने राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

कांग्रेसभित्र पछिल्लो समय निर्वाचनमा पार्टी हितविपरीत गतिविधि गर्ने तथा आधिकारिक उम्मेदवारविरुद्ध खुलेआम वा अप्रत्यक्ष रूपमा लाग्ने नेताकार्यकर्तामाथि कडा कारबाही गर्ने नीति अपनाइएको छ । सोही नीतिअन्तर्गत बारा जिल्ला सभापति यादवमाथि पनि अनुसन्धान प्रक्रिया अगाडि बढाइएको बताइएको छ । अब अनुशासन समितिको अन्तिम निर्णयले उनको राजनीतिक भविष्य र पार्टीभित्रको भूमिकाबारे थप स्पष्टता दिने अपेक्षा गरिएको छ ।

## बाराका.........

सरोकारवालाहरूले पनि मन्त्री समिरले छोटो समयमै विकास निर्माणका विषयलाई प्राथमिकतामा राख्दै आवश्यक निर्णय प्रक्रिया अगाडि बढाएको बताएका छन् । उनीहरूका अनुसार बाराको विकासलाई गति दिन मन्त्रालयले देखाएको चासोले लामो समयदेखि अल्झिएका केही प्रशासनिक समस्या समाधान हुने विश्वास बढेको छ ।

आर्थिक वर्षको अन्त्य नजिकिँदै जाँदा बजेट कार्यान्वयनको दबाब बढिरहेका बेला मन्त्रालयले विकास निर्माणका कामलाई प्रभावित हुन नदिने स्पष्ट प्रतिबद्धता जनाएको छ । कार्यालय प्रमुख व्यवस्थापनदेखि आयोजना कार्यान्वयनसम्मका विषयमा भइरहेको सक्रिय पहलले बाराका पूर्वाधार विकास योजनाले आगामी दिनमा थप गति लिने अपेक्षा गरिएको छ ।

## दुधौरा.........

छ। यद्यपि मृत्युको वास्तविक कारण पोस्टमार्टम रिपोर्ट प्राप्त भएपछि मात्र स्पष्ट हुने भएकाले घटनाबारे थप अनुसन्धान जारी रहेको बताइएको छ । स्थानीयवासीका अनुसार मृतक कृष्ण बल समुदायमा सामान्य जीवनयापन गर्दै आएका वृद्ध व्यक्ति थिए । दुई दिनदेखि सम्पर्कविहीन रहेका उनी खोलाको किनारस्थित काँसघारीमा मृत अवस्थामा भेटिएपछि स्थानीय क्षेत्रमा दुःख र चासोको विषय बनेको छ ।

प्रहरीले पोस्टमार्टम रिपोर्ट तथा अन्य तथ्यहरूको आधारमा घटनाको थप अनुसन्धान अगाडि बढाइरहेको जनाएको छ ।


**बारागढी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**बारागढी गाउँपालिकाको कार्यालय, खोपवा, बारा**

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# लागुऔषध ब्राउन सुगरसहित दुई जना पक्राउ, भारतीय नम्बर प्लेटको मोटरसाइकल समेत नियन्त्रणमा

*शु.आ. सम्बाददाता*
*कलैया, २१ जेठ*



जिल्ला प्रहरी कार्यालय बाराले लागुऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको जनाएको छ। प्रहरीका अनुसार विशेष सूचनाको आधारमा गरिएको संयुक्त अपरेशनमा उनीहरूलाई बाराको विश्रामपुर गाउँपालिका-२ स्थित बेरिया बजार क्षेत्रबाट नियन्त्रणमा लिइएको हो।

जिल्ला प्रहरी कार्यालय बाराले दिएको जानकारी अनुसार लागुऔषध ब्राउन सुगरको कारोबार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय प्रसौनी, लागूऔषध ब्युरो कार्यालय वीरगंज तथा प्रहरी चौकी छातवा बाराको संयुक्त टोलीले उक्त क्षेत्रमा निगरानी बढाएको थियो। सो क्रममा भारतको बिहार राज्य, मोतिहारी जिल्ला हरपुर पञ्चायत-६ निवासी २१ वर्षीय राकेश कुमार साह र पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका-६ सन्ठी गाउँ निवासी २० वर्षीय अजित मगिह्नालाई शंकास्पद अवस्थामा फेला पारी नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

प्रहरीले दुवै जनामाथि शरीर खानतलासी गर्दा राकेश कुमार साहले लगाएको कालो हाफ पाइन्टभित्र लुकाइछिपाई राखेको अवस्थामा सेतो प्लास्टिकमा प्याक गरिएको ब्राउन सुगर जस्तो देखिने धुलो पदार्थ १७ ग्राम ३१० मिलिग्राम बरामद भएको जनाईएको छ। साथै उनीहरूको साथबाट भारतीय नम्बर प्लेट बिआर ०५ बी टी ३७५६ रहेको हरियो रंगको स्प्लेन्डर मोटरसाइकल समेत नियन्त्रणमा लिइएको छ।

प्रहरीका अनुसार पक्राउ परेका दुवै जनामाथि लागूऔषध सम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान अघि बढाइएको छ। बरामद पदार्थको प्रकृति र स्रोतबारे विस्तृत परीक्षण तथा अनुसन्धान भइरहेको जनाइएको छ। सीमा क्षेत्र हुँदै लागुऔषधको ओसारपसार र कारोबार नियन्त्रणका लागि सुरक्षा निकायले निगरानी तथा कारबाहीलाई तीव्र बनाएको जनाएको छ।

बारा प्रहरीले पछिल्लो समय जिल्लाका विभिन्न नाकाहरू तथा बजार क्षेत्रमा लागूऔषध नियन्त्रण अभियानलाई प्रभावकारी बनाउँदै आएको छ। खुला सीमाको दुरुपयोग गरी भइरहेको लागूऔषध कारोबार रोक्न विशेष अभियान सञ्चालन गरिरहेको प्रहरीको दाबी छ। यस घटनाले सीमा क्षेत्र हुँदै हुने लागुऔषध तस्करीप्रति सुरक्षा निकाय थप सतर्क रहेको संकेत गरेको छ।

# सशक्त किशोरी निर्माणमा जोडः कलैयामा सुरक्षित सम्बन्धी चेतनामुलक तालिम सम्पन्न

*साजिर मन्सूर*
*कलैया, २१ जेठ*




किशोरीहरूको आत्मविश्वास अभिवृद्धि, नेतृत्व क्षमता विकास तथा सुरक्षित सम्बन्धबारे सचेतना फैलाउने उद्देश्यले बाराको कलैया उपमहानगरपालिका-३ मा एकदिने "किशोरी सशक्तीकरण तथा सुरक्षित सम्बन्ध सम्बन्धी चेतनामूलक तालिम" सम्पन्न भएको छ। साक्षर सामुदायिक सिकाइ केन्द्रको प्राङ्गण, मेयर मार्ग कलैया-३ मा आयोजित उक्त तालिम साक्षर सामुदायिक सिकाइ केन्द्र कलैया-१ बाराको आयोजना तथा कलैया उपमहानगरपालिकाको सहयोगमा सम्पन्न भएको हो। कार्यक्रममा विभिन्न समुदायका ४० जना किशोरीहरूको सक्रिय सहभागिता रहेको थियो। तालिममा किशोरीहरूको अधिकार, आत्मरक्षा, सुरक्षित सम्बन्धको महत्व, लैङ्गिक समानता, आत्मविश्वास विकास तथा सामाजिक चुनौतीहरूको सामना गर्ने उपायलगायतका विषयमा विस्तृत जानकारी प्रदान गरिएको आयोजक संस्थाकी परिचालक आश्मा प्रविणले जानकारी दिइन्। उनका अनुसार सहभागीहरूलाई सकारात्मक सोचको विकास, नेतृत्व क्षमता अभिवृद्धि तथा सुरक्षित सामाजिक व्यवहारसम्बन्धी व्यावहारिक ज्ञानसमेत प्रदान गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि तथा कलैया उपमहानगरपालिका-३ का वडा अध्यक्ष मोहन साह कानुले सशक्त किशोरीहरू नै समुन्नत र सभ्य समाज निर्माणका आधार स्तम्भ भएको बताए। उनले शिक्षा, चेतना र आत्मनिर्भरताले किशोरीहरूलाई जीवनका विभिन्न चुनौतीहरू सामना गर्न सक्षम बनाउने उल्लेख गर्दै आफ्नो अधिकारप्रति सजग रहन र सम्मानजनक तथा सुरक्षित सम्बन्ध निर्माण गर्न आग्रह गरे। आयोजक संस्थाकी उपाध्यक्ष जमिरा खातुनले यस्ता चेतनामूलक कार्यक्रमले किशोरीहरूमा आत्मविश्वास बढाउनुका साथै समाजमा सकारात्मक सोच र व्यवहार विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन्। उनले किशोरीहरूलाई सामाजिक, शैक्षिक तथा व्यक्तिगत रूपमा सक्षम बनाउन यस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेको बताइन्।

तालिममा पोखरिया नगरपालिकाकी पूर्व उपप्रमुख तथा महिला अधिकारकर्मी सलमा खातुनले सहजीकरण गर्दै किशोरीहरूले आफ्नो क्षमता पहिचान गरी नेतृत्वदायी भूमिकामा अगाडि बढ्नुपर्नेमा जोड दिइन्।

उनले सुरक्षित सम्बन्ध, लैङ्गिक हिंसा न्यूनीकरण तथा अधिकार संरक्षणका विषयमा सहभागीहरूलाई प्रशिक्षण प्रदान गरेकी थिइन्।

"सशक्त किशोरी, सुरक्षित सम्बन्ध, समृद्ध समाजको आधार" भन्ने मूल नारासहित सम्पन्न कार्यक्रमले किशोरीहरूमा आत्मविश्वास, नेतृत्व विकास र सामाजिक जिम्मेवारीबोध बढाउन महत्वपूर्ण भूमिका खेलेको आयोजकको विश्वास रहेको छ। यस्ता कार्यक्रमले किशोरीहरूलाई सक्षम, आत्मनिर्भर र सचेत नागरिकका रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।


## परवानीपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

परवानीपुर गाउँपालिकाको कार्यालय, बारा


# खेतमा आमासँगै गएका नाबालकको सर्पदंशबाट मृत्यु

*कलैया, २१ जेठ*





बाराको पचरौता नगरपालिका-४ बेल्दारीमा सर्पदंशबाट १९ महिनाका एक बालकको मृत्यु भएको छ। खेतमा काम गरिरहेकी आमासँगै गएका बालकलाई सर्पले डँसेपछि उपचारका लागि अस्पताल लगिए पनि उनको ज्यान बचाउन नसकिएको हो।

मृत्यु हुनेमा स्थानीय संजय रामका छोरा धनजय राम रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। प्रहरीका अनुसार धनजयकी आमा सोनापती देवी गाउँकै एक कृषकको खेतमा ज्यालादारी काम गर्न गएकी थिइन्। उनी खेतमा काममा व्यस्त रहेका बेला नजिकै खेलिरहेका बालकलाई अचानक सर्पले डँसेको थियो। घटनापछि परिवारजन तथा स्थानीयवासीले बालकलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुऱ्याएका थिए। तर अस्पताल पुगेलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। प्रहरीका अनुसार आवश्यक प्रक्रिया पूरा गरी शव परिवारको जिम्मा लगाइसकिएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले गर्मी र वर्षायाम सुरु भएसँगै सर्पदंशका घटना बढ्न थालेको बताएका छन्। विशेषगरी खेतबारी, झाडी तथा खुला स्थानमा बालबालिकालाई एक्लै छाड्दा जोखिम बढ्ने भएकाले अभिभावकलाई थप सचेत हुन आग्रह गरिएको उनले बताए। उनका अनुसार सर्पदंश भएपछि झारफुक, धामीझाँक्री वा घरेलु उपचारमा समय खर्चिनुभन्दा तत्काल नजिकको स्वास्थ्य संस्थामा पुऱ्याएर उपचार गराउनु नै ज्यान जोगाउने सबैभन्दा प्रभावकारी उपाय हो। साथै घर वरपरको वातावरण सफा राख्ने, झाडी नियन्त्रण गर्ने, राति झुल प्रयोग गर्ने तथा बालबालिकामाथि विशेष निगरानी राख्नुपर्ने आवश्यकता पनि उनले औंल्याए।

यो घटनाले ग्रामीण क्षेत्रमा सर्पदंश अझै पनि गम्भीर जनस्वास्थ्य चुनौतीका रूपमा रहेको देखाएको छ। समयमै उपचार नपाउँदा प्रत्येक वर्ष सर्पदंशका कारण मानवीय क्षति हुने गरेकाले समुदायस्तरमै सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ।

# क्षेत्र नं ४ का उत्कृष्ट एसईइ बिधार्थीलाई सांसद शाक्य द्वारा नगद पुरस्कार

*शु.आ. सम्बाददाता*
*पर्सा, २१ जेठ*



पर्सा निर्वाचन क्षेत्र नं. ४ मा एसईई परीक्षा २०८२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गरिएको छ। प्रतिनिधिसभा सदस्य माननीय टेकबहादुर शाक्यको पहलमा आयोजित कार्यक्रममा क्षेत्रभित्रका उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान गर्दै अध्ययनप्रति थप प्रेरित गर्ने प्रयास गरिएको हो।

क्षेत्रभरमै सर्वोत्कृष्ट नतिजा हासिल गरेका ठोरी गाउँपालिका-४ गौतमनगरस्थित श्री सरस्वती माध्यमिक विद्यालयका विद्यार्थी अन्सु खनाललाई रु. ५१ हजार नगद पुरस्कारसहित सम्मान गरिएको छ। खनालले एसईई परीक्षामा ३.६६ जिपिए प्राप्त गर्दै पर्सा निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत प्रथम स्थान हासिल गरेका थिए।

जिराभवानी गाउँपालिका अन्तर्गत रहेको श्री वितो महतो जनता माध्यमिक विद्यालय, जितपुर नौकाटोलामा आयोजित सम्मान कार्यक्रममा सांसद शाक्यले अन्सु खनाललाई नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गर्दै उनको सफलताको प्रशंसा गरे। उनले उत्कृष्ट शैक्षिक उपलब्धिले अन्य विद्यार्थीलाई समेत प्रेरणा दिने विश्वास व्यक्त गरे। कार्यक्रममा विभिन्न स्थानीय तहमा प्रथम स्थान हासिल गर्ने अन्य विद्यार्थीहरूलाई पनि जनही रु. २१ हजार नगद पुरस्कार प्रदान गरिएको थियो। सम्मानित हुनेहरूमा श्री नेरा माध्यमिक विद्यालय, सेढवाकी राधा कुमारी (जिपिए ३.२५), श्री नेरा माध्यमिक विद्यालय, जगरनाथपुरका अजय साह रौनियार (जिपिए ३.४८), श्री कालीप्रसाद लाखे माध्यमिक विद्यालय, लगडीका सञ्जीव पटेल (जिपिए ३.५१), श्री सुकई साह माध्यमिक विद्यालय, भेडीहारीकी रैणु कुमारी (जिपिए ३.५५) तथा श्री मङ्गल माध्यमिक विद्यालय, भिस्वाका रञ्जित कुमार साह (जिपिए ३.२२) रहेका छन्। कार्यक्रमलाई सम्बोधन गर्दै सांसद शाक्यले शिक्षा नै राष्ट्र निर्माणको प्रमुख आधार भएको उल्लेख गरे। उनले गुणस्तरीय शिक्षाबाट मात्र सक्षम, प्रतिस्पर्धी र जिम्मेवार नागरिक उत्पादन हुने बताउँदै विद्यार्थीहरूलाई उच्च लक्ष्य निर्धारण गरी निरन्तर अध्ययनमा लाग्न आग्रह गरे। उत्कृष्ट प्रतिभाको सम्मान र प्रोत्साहनका लागि आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता उनले व्यक्त गरे।

विद्यालयका प्रधानाध्यापक रामशंकर चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय समुदायका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो। सहभागीहरूले यस्ता सम्मान तथा प्रोत्साहन कार्यक्रमले विद्यार्थीहरूमा अध्ययनप्रति रुचि बढाउनुका साथै स्वस्थ प्रतिस्पर्धात्मक भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरेका थिए।

स्थानीय शिक्षा क्षेत्रका सरोकारवालाहरूले ग्रामीण क्षेत्रका प्रतिभाशाली विद्यार्थीलाई प्रोत्साहन गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने उल्लेख गर्दै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताएका छन्।

# दुधौरा खोलाको काँसघारीमा बृद्ध मृत फेला, दुई दिनदेखि परिवारको सम्पर्क विहिन थिए

*शु.आ. सम्बाददाता*
*बारा, २१ जेठ*

बाराको जितपुरसिमरा उपमहानगरपालिका-२१ स्थित दुधौरा खोलाको झोलुङ्गे पुल नजिकै रहेको काँसघारीमा एक वृद्ध मृत अवस्थामा फेला परेका छन्। मृतक स्थानीय कृष्ण बल (लामा) रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बिहीबार बिहान करिब ९ बजे स्थानीय बासिन्दाले दुधौरा खोलाको किनारमा रहेको काँसघारीभित्र एक व्यक्ति अचेत तथा मृत अवस्थामा रहेको देखेपछि इलाका प्रहरी कार्यालय अमलेखगञ्जलाई खबर गरेका थिए। सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी अधिकृतसहितको टोली घटनास्थलमा पुगेको थियो।

प्रहरी टोलीले घटनास्थलको निरीक्षण गरी आवश्यक कानुनी प्रक्रिया तथा मुचुल्का तयार गरेको थियो। प्रारम्भिक अनुसन्धानका क्रममा मृतक जितपुरसिमरा उपमहानगरपालिका-२१, अमलेखगञ्ज निवासी अन्दाजी ८२ वर्षीय कृष्ण बल रहेको खुलेको प्रहरीले जनाएको छ।

घटनापछि शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको थियो। पोस्टमार्टम प्रक्रिया सम्पन्न भएपछि शव मृतकका छोरा सूर्य लामालाई जिम्मा लगाइएको प्रहरी स्रोतले जनाएको छ।

अनुसन्धानका क्रममा मृतक लामो समयदेखि उच्च रक्तचाप (प्रेसर) सम्बन्धी रोगबाट पीडित रहेको खुलेको छ। साथै उनी विगत दुई दिनदेखि परिवारको सम्पर्कमा नरहेको र घरबाट बाहिरिएपछि फर्केर नआएको जानकारी परिवारजनले प्रहरीलाई दिएका छन्।

प्रहरीले घटनास्थलमा कुनै शंकास्पद वस्तु वा तत्काल आपराधिक गतिविधि देखिने प्रमाण फेला नपरेको जनाएको

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका